# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं आश्विन १५ गते ०८ साल

### भाग ३

### सूचना

सहर गाउँसमेतमा रक्षासंघ खडा भै आफ्नु इलाकाभित्रका जनताको मद्दत इत्यादि काम गर्ने भै आएकोले कोटाको आएको कपडा जनतामा वितरण गराउन स्थानीय रक्षासंघवाट आफ्नु इलाकाभित्रका जनतामा कूपन बाँडी बिक्री गराउने गरी आएको र त्यस्तो संघबाट इलाकाभित्रको जनसंख्या लिन आएमा धेरैजसोले भएको बेहोरा लेखाइदिने गरेका छन् तापनि कुनैकुनै मानिसले त्यस्तो जनसंख्या लगत लिन आफूसंग सोधनी भएको कुराको यथार्थ जबाफ नदिने गरेको बुझिन आएकोले यो सूचना प्रकाश गर्ने काम भएको छ। जनतामा सहयोग रही प्रगतिशील हुनसक्नु भन्ने मनसायले ठाउँठाउँमा रक्षासंघ रहेको कुरा सबै महानुभावहरू-मा विदितै भएको कुरा हो। स्थानीय संघले आफ्नु इलाकाभित्रको जनसंख्याको लगत समेत मालुम गरी राख्नुपर्ने कुरा सर्वसाधारणमा भनीरहनुपर्ने कुरा होइन। सहर गाउँहरूसमेतको सर्वसाधारण जनतामा यस मन्त्रालयको यो निवेदन छ कि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय रक्षासंघबाट जनसंख्या लिन आएमा जनसंख्या काममा गर्नपर्ने जो जति कुराको आफूसंग सोधनी हुन्छ, सो सबै कुराको यथार्थ बेहोरा लेखाइदिने गर्नुहोला । कदाचित् कसैले लेखिएबमोजिम गर्नुभएन भने त्यस्ताले कपडासमेत कन्ट्रोल भएको कुनै पदार्थको पनि कूपन पाउनुहुनेछैन ।

उद्योग तथा वाणिज्यमन्त्रालय

## सूचना

घरेलु इलमलाई प्रोत्साहन दिन प्रदर्शनी गरी जनतामा सोसम्बन्धी अभिरुचि बढाउने अभिप्रायले यही आश्विन १६ गतेदेखि एक हप्तासम्म श्याङ्जामा घरेलु इलम प्रदर्शनी खुल्ने भएको छ ।

उद्योग तथा वाणिज्यमन्त्रालय.

## सूचना

हालै भएको नेपाल फिल्म सेन्सर बोर्डको मिटिङमा निम्नलिखित प्रकारका फिल्महरू पास नगर्ने निर्णय भएको छ ।

१ सांप्रदायिक भाव फैलाई शान्तिभङ्ग गर्ने ।

२ अश्लील र कामोत्तेजकर स्पष्ट यौनसम्बन्धि (तर शृङ्गारको समावेश हुँदैमा अश्लील र कामोत्तेजक ठहरिन्न, यदि मर्यादित र साहित्यिक दृष्टिले क्षम्य भए )।

३ आधुनिक प्रगति र विचारधारालाई हनन गरी अन्धविश्वास अन्धपरम्परा र रुढिबूढिको प्रचार गर्न खोजने ।

४ सामन्तवाद साम्राज्यवाद अर्थात् प्रतिक्रियावादलाई प्रोत्साहन गर्न खोज्ने ।

५ एक दुइवटा दृश्य मात्र काटेर देखाउँदा सिनेमाको कथा र सन्देशमा बाधा नपर्ने गए यतिमात्र काटेर पास गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ – ज्यादै पुरानो धमिलो फिल्मले दर्शकहरुको आँखा बिगार्ने देखिएमा असेल भए पनि नदेखाउने फिल्महरुको रेकार्डिङ खराब भएको पनि पास नगर्ने ।

७ उपरोक्त नियमबाहेक परिस्थितिलाई बाधापर्ने इत्यादि किसिमको फिल्म पास गर्ने नगर्ने समितिले हेरेर ठहर गर्ड ।

८– अब आइन्दा फिल्म देखाउँदा फिल्म सुरु गर्नुभन्दा पहिले नेपाल सेन्सर बोर्डबाट स्वीकृत भएको छ भन्ने फिल्मको नाम, नम्बर, लम्बाईसमेत लेखी पब्लिकलाई देखाउनुपर्दछ ।

उद्योग तथा वाणिज्यमंत्र्यालय,

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८